# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्या:१५ मिति:२०८२/०३/२६

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन, २०८२

**बन्दिपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ**

## बन्दीपुर गाउँपालिका विनयोजन ऐन-२०८२

### बन्दिपुर गाउँपालिका, तनहुँ को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :२०८२/०३/२६ गते

**प्रस्तावना :** बन्दिपुर गाउँपालिका, तनहुँ २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बन्दिपुर गाउँपालिका, तनहुँको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम "बन्दिपुर गाउँपालिका विनियोजन ऐन, २०८२" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**
१) आर्थिक वर्ष २०८२/८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा, बन्दीपुर अस्पतालले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६४,९०,०५,०००.०० (अक्षेरुपी रुपैयाँ चौसट्ठी करोड नब्बे लाख पाँच हजार मात्र। ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :**
(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त बन्दिपुर गाउँपालिका, तनहुँको गाउँ कार्यपालिका, वडा समिति, बन्दीपुर अस्पताल र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, बन्दीपुर अस्पताल र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक

अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**४. अख्तियारी दिन सक्ने:**

१) प्रमुख प्रशासकीय अधिकृतले गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका खर्च/भुक्तानी केन्द्रहरुलाई खर्च लेख्ने, लेखा राख्ने र सोको लेखापरीक्षण समेत गराउने गरी आफूलाई प्राप्त अख्तियारी मध्येबाट आवश्यकता अनुसार अख्तियारी प्रत्यायोजन गर्ने सक्नेछ।

**अनुसूची १**

**(दफा २ संग सम्बन्धीत)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संचित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र. सं | अनुदान संख्या | शीर्षक नाम | चालु खर्च | पूजिँगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | ३०५०४१ | १८४७९४ | | ४८९८३५ |
| २ | | वडा समिति | ११७३५ | २९१६५ | | ४०९०० |
| ३ | | विषयगत शाखा | ४९२४० | २३६३० | | ७२८७० |
| ४ | | बन्दीपुर अस्पताल | ३२२०० | १३२०० | | ४५४०० |
| **जम्मा** | | | **३९८२१६** | **२५०७८९** | | **६४९००५** |

आज्ञाले
यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत